**माननीय अर्थ र शान्ति तथा पुनर्निर्माण मन्त्री श्री वर्षमान पुन "अनन्त" ज्यूले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको जिम्मेवारी प्राप्त गर्नु भएपछि विगत ४५ दिनमा भएको कामहरुको प्रगति विवरण तथा आगामी दिनमा शीघ्र सम्पन्न गरिने कामहरुको कार्ययोजना निम्न बमोजिम छ।**

<u>कार्यप्रगति विवरण</u>

१ माओवादी जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, जनजाती आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएको आन्दोलनमा मारिएका तथा शहिद, वेपत्ता पारिएका परिवारहरु र घाईते तथा अपाङ्गता भएकाहरुको लागि विशेष राहत प्रदान गर्ने सम्बन्धी निर्देशिका तयार गरी अर्थ, मन्त्रालयको सहमति प्राप्त गरी स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्)मा पेश भएको ।

२ सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरु (कसूर तथा सजायँ) सम्बन्धी विधेयकहरु व्यवस्थापिका संसदवाट स्वीकृत हुने प्रकृयामा आवश्यक पहल भैरहेको ।

३ सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका सार्वजनिक तथा निजी घर जग्गा सम्पत्ति फिर्ता सम्बन्धी उच्चस्तरीय कार्यदल र जिल्ला कार्यान्वयन समिति गठन तथा कार्यादेश सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्)मा पेश भएको ।

४ द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल गठनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) प्रस्ताव पेश भएको ।

५ मन्त्रालयबाट प्रदान गरिने राहत कार्यक्रम अर्न्तगत शहीद, वेपत्ता, अपहरण, अंगभंग, वालवालिकालाई दिईने राहत तथा छात्रवृत्तिका लाािगि रकम वितरण गर्न ७३ जिल्लालाई रु १७ करोडको अख्तियारी पठाईएको ।

६ द्वन्द्वको क्रममा रोल्पा जिल्लामा भएको कुल २३६० जनाको व्यक्तिगत सम्पत्ति क्षतिको राहत प्रदान गर्न अर्थ मंत्रालयसँग सहमति माग भएको ।

७ द्वन्द्वकालमा क्षतिग्रस्त ४६७ वटा पूर्वाधारहरुको पुनर्निर्माण गर्ने कार्यका लागि विभिन्न जिल्लामा रु १ अर्व ४ करोड रकमको अख्तियारी पठाईएको ।

८ पुनर्निर्माणका निर्माणधीन आयोजनाको गुणस्तर कायम गर्न ५ वटै विकास क्षेत्रमा लागि ५ जना सहसचिवको संयोजकत्वमा उपसचिव तथा प्राविधिक कर्मचारीसमेत रहेको अनुगमन टोलीहरु गठन गरी जिम्मेवारी तोकिएको ।

९ पुनर्निमाण कार्यक्रम अर्न्तगत भैपरि शीर्षकमा रहेको रकम रु १४ करोड क्षतिग्रस्त आयोजनाहरुको पुनर्निर्माणका लागि खर्च गर्ने स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालयमा पेश भएको ।

१० मंन्त्रालय अर्न्तगत पुनर्निर्माण कार्यक्रम विनियोजित भै अर्थ मंन्त्रालयबाट निकासा हुन बाँकि रकम रु ९ करोड ९१ लाखको योजना तथा कार्यक्रम तयार गरी अर्थमन्त्रालय एवं राष्ट्रिय योजना आयोगमा पेश गरिएको ।

११ शान्तिका लागि विकास कार्यक्रमकोमा छुट्टयाएको रकम रु २० करोड खर्च गर्ने निर्देशिका तयार गरी सहमतिका लागि अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग एवं कृषि मंत्रालयमा पठाइएको ।

१२ द्वन्द्व प्रभावित क्षेत्रमा विशेष कार्यक्रम संचालन गर्न छुट्टयाएको रकम रु १० करोड खर्च गर्ने निर्देशिका, तयार गरी सहमतिका लागि अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग एवं कृषि मंत्रालयमा पठाइएको ।

१३ राष्ट्रिय शहीद तथा निजामती पार्क गोर्कणको स्वीकृत गुरुयोजना बमोजिम प्याकेज एक र प्याकेज दुईको ठेक्का संझौता सम्मन्न भएको ।

१४ जिल्लास्तरीय शान्ति समितिका कार्यालय सचिवहरु ७५ जनाको करारमा नियुक्ति गरी निजहरुलाई ३ दिने अभिमुखीकरण तालिम दिई जिल्लामा खटाईएको ।

१५ ७५ जिल्लास्थित स्थानीय शान्ति समितिका कार्यालयहरुलाई कार्यक्रम संचालन गर्न कुल रु ९ करोड ५२ लाख २० हजार ५००।- को अख्तियारी पठाईएको ।

१६ संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् बाट पारित नं १३२५ र १८२० (महिला शान्ति र सुरक्षा) कार्यान्वयन राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा जिम्मेवार मंन्त्रालयहरुवाट संचालन हुने कृयाकलाप सहितको क्षेत्रगत योजना निर्माण कार्य भैरहेको ।

१७ संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित प्रस्ताव नं १३२५ र १८२० राष्ट्रिय कार्ययोजना अर्न्तगत गठित जिल्ला समन्वय समितिहरु मध्ये पाईलोटिङ्गको रुपमा २ जिल्लामा अन्तरक्रिया गरिएको ।

१८ द्वन्द्व प्रभावित ३० जिल्लाको १००० सामुदायिक विद्यालयहरुमा वारुदी सुरुङ्ग जोखिम शिक्षा कार्यक्रम संचालन गर्न शिक्षा विभागसंग सहमति भए बमोजिम चेतनामूल सामग्रीहरु तत् तत् जिल्ला शिक्षा कार्यालयहरुमा पठाईएको ।

१९ मंत्रालय अर्न्तगत ६ जना अधिकृत कर्मचारीलाई वारुदी सुरुङ्ग सम्बन्धी ५ दिने तालिम लिन कम्वोडिया पठाउने काम गरिएको ।

२० सरकारी तथा दातृ निकायका पदाधिकारीहरुको संयुक्त बैठक सम्पन्न गरेको ।

२१ Consolidated Audit Report तयार गरी सम्बन्धित दातृ निकायहरुलाई उपलब्ध गराएको ।

२२ Peace Fund operational Regulation संशोधनका लागि कानून तथा न्याय मंत्रालयमा सहमतिका लागि पठाईएको।

२३ राष्ट्रिय अपाङ्ग कोष संग करिब ५ करोड रकमको संझौता सम्पन्न गरेको ।

२४माओवादी सेनाका लडाकूहरुले कन्टेनरमा राखेका हतियार वन्द कन्टेनरको साँचो विशेष समितिलाई हस्तान्तरण गर्ने काम भएको ।

२५ छाउनी व्यारेक, ७ वटा मुख्य तथा २१ वटा सहायक शिविरमा अनुगमन टोली खटाउने काम सम्पन्न गरिएको ।

२६ Situation Center मा टोलीद्धारा रिपोर्ट पठाउने क्रम जारी रहेको ।

२७ विशेष समितिको सचिवालयका सदस्यहरुद्धारा मुख्य र सहायक शिविरहरुको अनुगमन भएको ।

२८ सर्भेयरको नियुक्ति को लागि Shortlisting गर्ने काम भएको ।

२९ लजिष्टिकको आपूर्ति गर्ने काम भएको ।

३० शिविरहरुको अनुगमनको कार्य निरन्तर भैरहेको ।

३१ विशेष समितिको सचिवालय र राहत इकाई तर्फ सालवसाली अस्थायी दरवन्दीको सिर्जना तथा सर्भेयरहरुको वाहेकका पदहरुमा म्याद थपको काम सम्पन्न गरिएको ।

# मन्त्रालयबाट आगामी दिनमा गरिने कामको योजना

1. राष्ट्रिय शहीद तथा निजामती पार्क गोकर्णको स्वीकृत गुरु योजना बमोजिम प्याकेज तिन र प्याकेज चारको ठेक्का बन्दोबस्तको काम सम्पन्न गरिनेछ ।
2. जिल्लामा संचालित पुनर्निर्माणका आयोजनाहरुलाई गुणस्तरीय रुपमा सम्पन्न गर्न अनुगमनलाई तीब्र बनाईनेछ ।
3. राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयबाट सहमति प्राप्त भए पछि रु. ९ करोड ९१ लाखको अख्तियारी सम्बन्धित निकायमा पठाईनेछ ।
4. संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् प्रस्ताब नं. १३२५ र १८२० को राष्ट्रिय कार्य योजना कार्यान्वयनको लागि परियोजना प्रस्ताब NPTF को बोर्डमा पेश गरिनेछ ।
5. द्वन्द्व प्रभाबित बालबालिका सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् प्रस्ताब नं. १६१२ अनुसार तयार भएको राष्ट्रिय कार्य योजना शीघ्रताका साथ कार्यान्वयन गरिनेछ ।
6. सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका ब्यक्तिहरुको छानबिन आयोग गठन सम्बन्धी बिधेयक स्वीकृत भई आए पछि तत् तत् आयोग स्थापनाको लागि प्रारम्भिक कार्य गरिनेछ ।
7. प्रस्तुत दुबै बिधेयक अन्तरगत निर्माण गर्नुपर्ने नियमावली र निर्देशिकाको मस्यौदा तयार गरिनेछ ।
8. ७५ वटै जिल्लास्थानीय स्थानीय शान्ति समितिहरुको लागि नागरिक बडापत्र तयार गरिनेछ ।
9. जिल्लास्तरीय स्थानीय शान्ति समितिका पदाधिकारीहरुको क्षमता अभिबृद्धिको लागि ६ वटा जिल्लामा अभिमुखीकरण तालिम सम्पन्न गरिनेछ ।
10. मन्त्रालयको शान्ति संयन्त्र महाशाखा तथा ७५ वटै जिल्लाका स्थानीय शान्ति समितिलाई आबश्यक लजिष्टिक सपोर्ट गर्ने प्रक्रियाको थालनी गरिनेछ ।
11. स्थानीय शान्ति समितिले गरेका कामको प्रगति रिपोर्टिङको लागि नमूना फारामको ढाँचा तयार गरिनेछ
12. स्थानीय शान्ति समितिका पदाधिकारीहरुको क्षमता अभिबृद्धिको लागि प्रदान गरिने तालिमको पाठ्यक्रम तयार गरिनेछ ।
13. स्थानीय शान्ति समितिका सचिवहरुको कार्य सम्पादनकोस्तर मूल्यांकनका लागि परिसूचक सहितको फारामको ढाँचा तयार गरिनेछ ।
14. बारुदी सुरुङबाट प्रभाबित ब्यक्तिहरुको पुनर्स्थापनाको लागि उनीहरुको आबश्यकता पहिचान तथा मूल्यांकन (Need Assesment) गरिनेछ ।
15. मन्त्रालय र नेपाली सेनाको संयुक्त सहभागितामा नष्ट गर्न बाँकि रहेका IEDs (Improvised explosive devices) हरु नष्ट गरिनेछ ।
16. राष्ट्रिय अपाङ्ग कोषलाई तत्काल अख्तियारी पठाईनेछ ।
17. संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् प्रस्ताब नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी योजना बमोजिम Project Document स्वीकृत भै कार्य सञ्चालन हुनेछ ।

18. सन २०११ को नोभेम्बर महिनामा NPTF board बैठक सम्पन्न गरिनेछ ।

19. Cantonment Health Camp मा रकम उपलब्ध गराईनेछ ।

20. बृहत् शान्ति संभ्कौता पश्चाताका घटनामा मृत्युवरण गरेका व्यक्ति तथा सशस्त्र द्वन्द्वको समयमा व्यक्तिगत संपत्ति क्षति भएकाहरु समेतको राहत रकमको भुक्तानी गरिनेछ ।

21. द्वन्द्व प्रभावित क्षेत्रमा बिशेष कार्यक्रम, शान्तिका लागि बिकास कार्यक्रम संचालनार्थ तयार गरिएको निर्देशिका स्वीकृत भै आए पछि राहत बितरणको लागि अख्तियारी पठाईनेछ ।

22. सशस्त्र द्वन्द्वको समयमा रोल्पा जिल्लामा भएको सम्पत्ति क्षतिका २३६० जनालाई राहात प्रदान गर्ने क्रममा अर्थ मन्त्रालयको सहमति प्राप्त भएपछि स्वीकृति सम्बन्धी प्रक्रिया पूरा गरी निकाशा लिई अख्तियारी पठाइनेछ ।

23. बिशेष समितिको निर्णय पश्चात् माओवादी सेनाका लडाकुहरुको वर्गीकरण गर्न सर्भेयरयको नियुक्ति र खटन पटनको व्यवस्था मिलाईनेछ ।

24. समायोजन र पुनस्थापन सम्वन्धमा सर्भे टिमको खटनपटनमा आवस्यक पर्ने Logistic को आपूर्ति व्यवस्था मिलाउने र तोकिएको समयभित्र उक्त कार्य सम्पन्न हुनेछ ।

25. माओवादी जानयुद्व, जनआन्दोलन, मधेश आन्दोलन, जनजाती आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएको आन्दोलनमा मारिएका तथा शहिद, वेपत्ता पारिएका परिवारहरु र घाईते तथा अपाङ्गता भएकाहरुको लगत परिमार्जन, संकलन गर्ने सम्बन्धी कार्यदल गठन गर्ने सम्बन्धमा अर्थ, मन्त्रालयको सहमति प्राप्त गरी स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्)मा पेश भएकोमा कायदलको गठन सम्वन्धी निर्देशिका स्वीकृत भएपछि सो कार्यदलबाट कामको थालनी हुनेछ ।

26. द्वन्द्वको क्रममा कब्जा सम्पत्ति फिर्ता सम्बन्धमा प्रस्तावित उच्चस्तरिय कार्यदल गठन सम्बन्धी निर्देशिका स्वीकृत भएपछि सो सम्बन्धी कार्यान्वयन प्रक्रियाको थालनी हुनेछ ।

27. द्वन्द्वको क्रममा मृत्युवरण गरेका, र वेपत्ता एवं नागरीक आन्दोलनका क्रममा २०६३/८/५ पश्चात्का घटनामा परी मृत्यु हुने व्यक्तिका परिवारलाई विशेष राहत कार्यक्रम संचालन सम्बन्धी प्रस्तावित निर्देशिकाहरु नेपालसरकार (मं.प) बाट स्वीकृत भएपछि सो सम्बन्धी विशेष राहत कार्यक्रमहरु शीघ्र संचालन गरिनेछ ।

28. माओवादी सेनाका लडाकुहरुको मासिक भत्ता र भरण पोषण बापतको रकम समायोजन एंव पुनस्थापन नभएसम्म निकाशा उपलब्ध गराउने ।

मिति :- २०६८।६।२६

(प्रेमप्रसाद संजेल)

उपसचिव

अनुगमन तथा मूल्यांकन शाखा,शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।